नेपाल सरकार
# बर्दिवास नगरपालिका कार्यालय
बर्दिवास, महोत्तरी

उपरोक्त विषयमा यस कार्यालयका लागि तार पोल खरिद गर्नु पर्ने भएकोले यो सूचना राष्ट्रिय दैनिक द पब्लिक टुडे पत्रिकामा प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयबाट रु ३०० (फिर्ता नहुने गरी ) दस्तुर तिरी दरभाउ पत्र खरिद गरी तपसिल अनुसार खुलाई सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

## तपसिल

१. सिलबन्दी दरभाउ पत्र साथ सामान आपुर्ति गर्ने फर्म संस्था,व्यक्तिले फर्म इजाजत प्रमाण पत्रको प्रतिलिपी ,पान नं. /भ्याट नं.प्रतिलिपि, आ.व.०७१ /७२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि पेश गर्नु पर्नेछ ।

२. सिलबन्दी दरभाउ पत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ :०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । र सोही दिनको २:०० बजे उक्त सिलबन्दीहरु यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधी र ठेकेदारको रोहोवरमा खोलिने छ । तर ठेकेदार प्रतिनिधी नआए पनि सिलबन्दी खोल्न बाधा पर्ने छैन ।

३. दरभाउ पत्र साथ आफुले कबुल गरेको मूल्यको (भ्याट सहीतको ) २.५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको कृषि विकास वैंक बर्दिबास स्थित हि.नं. १००६३००७५१६०८०२२ (ग-३-३ ) धरौटीमा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य वैंकहरुले सो रकम बराबर यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको सक्कल विडवन्ड पेश गर्नु पर्नेछ ।

४. दरभाउ पत्र सिलबन्दी नगरी वा म्याद भित्र प्राप्त हुन नआएका शिलबन्दी उपर कुनै कार्यवाही हुने छैन ।

५. एक फर्म वा व्यक्तिबाट खरिद भएको दरभाउ पत्र अर्को व्यक्ति वा फर्मले प्रयोग गर्न सक्ने छैन ।

६. दरभाउ पत्रमा दर रेट अंक र अक्षरमा प्रस्ट खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. दरभाउ पत्र खरिद गर्ने दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट गरिने छ ।

८. दरभाउ पत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. उल्लेखित सेट खरिद गर्न स्वीकृत वार्षिक बजेट भन्दा बढि कबुल भइ आएमा सो सिलबन्दी दरभाउ पत्र आंशिक रुपमा पनि स्वीकृत गर्न सकिने छ ।

१०. यस सम्बन्धी अन्य कुराहरु स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४, सार्वजनिक खरिद ऐन,२०६३ र प्रचलित ऐन नियम बमोजिम हुने छ । यस सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयको कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

## तपसिल

| सि.नं | कामको विवरण | परिमाण | कै |
|---|---|---|---|
| १. | ८.० मिटर लामो आर.सि.सि पोल (NP3) खरिद तथा ढुवानी कार्य | ६८ थान | |
| २. | ०.०३ इलेक्ट्रक केबल ०.०३ sq.inch खरिद तथा ढुवानी कार्य | ९.५ कि.मि | |

ईति सम्वत २०७२ साल वैशाख १२ गते आईतवार

राम कुमार कार्की
कार्यकारी अधिकृत